# समबेदना

अर्ध मृत शरीर माथि
गिद्ध दारा धस्दै  छ
अनि एक हूल
किर्ना, उडुस , उपिँया, लामखुट्टे र जुम्रा  भने
हातेमालो गरेर
केहि नरहने भो
सब गिद्धले स्वाहा पार्ने भो भनि
चिट चिट पसिना झार्दै
हताशिएर,उग्रिएर
न्वारण को बल झिकि
नाङ्लो ठटाउँ दै छन
गिद्ध लाइ उडाउन

अनि
समबेदना आइरहेछ
अक्षर समबेदना
शब्द समबेदना
धून समबेदना
चित्र समबेदना
इंटरनेट, इमैल, टीवी,
छापा, टेलफोन बाट
देश मरेको समबेदना
मेरो आफ्नै समबेदना

-कपिल अधिकारी
ताइपे, ताइवान
**Jan23,2004**